आ.ब.२०८०/८१ को तेहौं कार्यपालिका बैठक | बैशाख २०, २०८१, ने.स. ११४४, चौलागा ९ विहीबार

आज मिति २०८१ बैशाख २० गते विहीवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को तेहौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स. | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स. | श्री सायरा परियार | | |
| १७ | न.का.स. | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स. | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स. | श्री शान्ता राई | | |
| २० | न.का.स. | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स. | श्री सरिता घले | | |
| २२ | न.का.स. | श्री वच्चुराज वस्याल | | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थावारे छलफल र समिक्षा गरियो । |
| २ | टोखा नगरपालिकाको व्यवसाय/ फर्म दर्ता तथा अभिलेखिकरण ( अध्यावधिक) निर्देशिका, २०८० मा संशोधन एवं दर्ता अभियानको प्रभावकारीता वढाउने सम्वन्धमा | १. टोखा नगरपालिकाको व्यवसाय/ फर्म दर्ता तथा अभिलेखिकरण (अध्यावधिक) निर्देशिका, २०८० मा तपशिल बमोजिम संशोधन गर्ने ।<br>१. दफा १० मा बैशाख मसान्त भन्ने शव्दको सट्टा जेठ १५ भन्ने शव्द राखे ।<br>२. दफा ११ को फिल्ड टोली गठन अन्तर्गत वडागत फिल्ड टोलीको संरचना अन्तर्गत स्वंयमसेवक-१ जना भन्ने शव्द खारेज गर्ने, जम्मा- ६ जनाको सट्टा ५ जना कायम गर्ने<br>३. नगरपालिका भित्र आ.व.२०७१/७२ वा सो भन्दा अघि देखि संचालनमा रहेका तर हाल सम्म व्यवसाय दर्ता नभएका वा बार्षिक व्यवसाय शुल्क नतिरेका व्यवसायहरुको हकमा आर्थिक वर्ष २०७१/७२ लाई आधार वर्ष मानी सो आर्थिक वर्ष पश्चात नगर परिषद/ नगरसभाले तोके बमोजिम वार्षिक व्यवसाय शुल्क असुल गरी व्यवसाय दर्ता/ नविकरण गर्ने ।बिभिन्न नगर परिषद/ नगरसभावाट व्यवसाय दर्ता/ नविकरण शुल्कको निश्चित रकम नतोकि न्यूनतम र अधिकतम् सीमा तोकिएको हकमा न्यूनतम रकमलाई दर्ता/ नविकरण शुल्क मानी असुल उपर गर्ने ।<br>२. मिति २०८० फागुन ३० को नगरकार्यपालिकाको निर्णय नं. ३ अनुसार उल्लेख भएको टोलीमा व्यवसाय दर्ता अभियानमा खटिने सदस्य संख्या सोहि बमोजिम हुने गरी वडा नं. १० मा एक वटा टोली थप गरी संचालन/ परिचालन गर्ने ।<br>३. व्यवसाय दर्ता अभियानको प्रभावकारीता वढाउने सम्वन्धी क्रियाकलाप सम्पूर्ण वडा कार्यालय मार्फत थप सशक्तताका साथ संचालन गर्ने । |
| ३ | फोहरमैला व्यवस्थापनका लागि प्लान्ट जडान गर्ने स्थल निर्धारण तथा पूर्व संभाव्यता अध्ययन गर्ने | टोखा नगरपालिका वडा नं. २ साविक चण्डेश्वरी गा.वि.स वडा नं. ७ क निर्माणाधिन मेरिडियन स्कूलको पश्चिम तर्फको सार्वजनिक जग्गामा टोखा नगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापनका लागि प्लान्ट जडान गर्न स्थल छनौट गरी प्लान्ट निर्माण सम्वन्धी पूर्व संभाव्यता अध्ययन, विस्तृत परियोजन प्रस्ताव, वातावरणीय अध्ययन प्रतिवेदन आदि तयार गरी प्लान्ट जडान निर्माण प्रकृया अगाडि बढाउने । |
| ४ | पानी पुनर्भरण पोखरी/ ड्याम निर्माणको लागि पूर्व संभाव्यता अध्ययन गर्ने सम्वन्धमा | नगरवासीहरुलाई पानीको दीर्घकालिन समाधानको लागि यस नगरपालिका वडा नं. १ र २ को माथिल्लो भू-भागको जलाधार क्षेत्रलाई समेटि पानी पुनर्भरण पोखरी/ड्याम निर्माणको लागि पूर्व सम्भाव्यता अध्ययन गर्न संलग्न मापदण्ड/ नर्म्स स्वीकृत गरी पूर्व संभाव्यता अध्ययन प्रकृया अगाडि वढाउने। |
| ५ | विष्णुमति नदी ग्राण्डी अस्पताल आसपासको | १. वहाव/धार क्षेत्र परिवर्तन:- नगरपालिकाको आ.ब.२०८०/८१ को बाह्रौं नगरकार्यपालिका बैठकबाट गठित कार्यदलले पेश गरेको यसै साथ संलग्न प्रतिवेदन |

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैह्रीटी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | नदी वहाव/धार क्षेत्र परिवर्तन तथा पुल निर्माणको लागि स्थल तोक्ने एवं वाल निर्माणका लागि बजेट व्यवस्थापन सम्वन्धमा | स्वीकृत गरी सो प्रतिवेदनको सिफारिसको आधारमा टोखा नगरपालिका वडा नं. ३, ६ र ८ अन्तर्गत ग्राण्डी अस्पताल आसपासको क्षेत्रमा बिष्णुमति नदी हाल वगिरहेको क्षेत्रबाट वहाव/धार परिवर्तन गरी नदीको मुख्य वहाव/धार रहेको क्षेत्र भन्दा उत्तर-पश्चिम तर्फ फिल्डको अवस्थानुसार वहाव/धार परिवर्तन गर्ने ।<br>२. पुल निर्माणको स्थलः- उक्त क्षेत्रमा मोटरेवल पुल निर्माणको लागि साविकमा छनौट भएको स्थल लाई परिवर्तन गरी वडा नं. ६ तर्फ ग्राण्डी अस्पतालको गेटवाट वडा नं. ३ तर्फ निस्कने सडकको नदी किनारलाई नयाँ आयोजना स्थलको रुपमा छनौट गरी सडकको वीच हुदै वडा नं. ३ तर्फ ग्राण्डी टावरको दक्षिण तर्फ हुदै निस्कने गरी साविकमा तयार भएको DPR, ड्रईङ, डिजाईन एवं लागत अनुमान संशोधन गरी आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउन वागमती प्रदेश पूर्वाधार विकास कार्यालय, ललितपुरलाई पत्राचार गर्ने।<br>३. विष्णुमति नदीको वहाव/धार परिवर्तन गरी नयाँ कायम हुने नदीको वहाव/धारको अवस्था एकिन गरी सम्वन्धित आवास तथा वस्ती विकास शाखावाट तयार भएको संलग्न ड्रइङ, स्केजको आधारमा पूर्वाधार विकास शाखाबाट लागत अनुमान तयार गरी सोहि अनुसार दायाँवायाँ प्रोटेक्सन वाल निर्माण गर्ने प्रकृया अगाडि बढाउन तेह्रौं नगरसभाको सि.नं २८३ मा विनियोजित रकम मध्येबाट र नपुग रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चितताको लागि नगरसभामा पेश गर्ने गरी उक्त कार्य तत्काल छिटो छरितो माध्यमबाट गर्नु पर्ने भएकोले सम्वन्धित वडाहरुको रोहवरमा गठन हुने स्थानीय लाभग्राही समूह/उपभोक्ता समिति मार्फत मिति २०८१ वैशाख मसान्त भित्र सम्झौता प्रकृया अगाडि बढाउने ।<br>क. वडा नं. ६ तर्फको भूभागको लागि रु ५० लाख<br>ख. वडा नं. ३ तर्फको भूभागको लागि रु ५० लाख |
| ६ | नदी सरसफाई ( विष्णुमति, साङ्ले खोला लगायत) अभियान संचालन सम्वन्धमा | टोखा नगरपालिका भएर वहने बिष्णुमति, साङ्लेखोला लगायतका नदीहरु सरसफाईको अभियान संचालनका लागि जिल्ला समन्वयन समिति, जिल्ला प्रशासन कार्यालय, काठमाडौं उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति लगायतका सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरी सबै पक्ष (स्थानीय वासी, स्थानीय राजनैतिक दल, लाभग्राही समूह, उपभोक्ता समिति, स्थानीय फोहोरमैला संकलन केन्द्रका प्रतिनिधिहरु, अन्य सामाजिक संघसंस्था, जनप्रतिनिधिहरु, कर्मचारी,महिला स्वास्थ्य स्वंयसेविका, प्राधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध व्यक्तिहरु, वातावरण तथा सरफाईमा संलग्न संघसंस्थाहरु, क्लव खेलकूद संघ,समितिका पदाधिकारीहरु आदि)को सहभागितामा मिति २०८१ वैशाख २९ गते देखि हरेक शनिवार विहान ६:३० बजेबाट नगरपालिका क्षेत्रका खोला-नाला सरसफाई अभियान नियमित रुपमा संचालन गर्ने । |
| ७ | शहरी विकास तथा भवन कार्यालयका लागि आगामी आ.व.को लागि आयोजना छनौट गरी पठाउने सम्वन्धमा | बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन कार्यालयको मिति २०८१-१-२,च.नं. ८१२ को योजना छनौट गरि पठाउने सम्वन्धी पत्रानुसार आ.ब.२०८१/८२ को लागि तपशिल बमोजिमको आयोजनाहरु छनौट गरी स्वीकृतिका लागि पठाउने ।<br>१. वडा नं. ११ र ८ जोड्ने विष्णुमति पुल ( जालुपाचोक तर्फ जाने) देखि पूर्व तर्फ नदी |

CamScanner

| क. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | किनारै किनारको करिडोर निर्माण एवं सडक कालोपत्रे रु ५ करोड<br>२. टोखा प्रहरी चौकी देखि माथि वडा नं. ३ र ६ को दयाँबायाँ विष्णुमति करिडोर निर्माण रु. ३ करोड<br>३. वडा नं. ४ स्थित भगवती मन्दिर ओरालोमा ढल, मंगाल, खानेपानी पाईपलाईन विस्तार एवं सडक ढलान कार्य - रु २ करोड<br>४. वडा नं. ३ भत्केकोपुल हुदै वडा नं. २ पन्चेटार निस्कने सडकको बाँकी खण्ड कालोपत्रे / पक्की कार्य रु . ४ करोड<br>५. वडा नं. ३ स्थित बखुन्डोल सडक स्तरोन्नती एवं कालोपत्रे रु ३ करोड |
| ८ | टोखा नगरपालिका आन्तरिक पर्यटन काज ( संचालन तथा व्यवस्थापन) मापदण्ड, २०८० संशोधन सम्वन्धमा | टोखा नगरपालिका आन्तरिक पर्यटन काज ( संचालन तथा व्यवस्थापन) मापदण्ड, २०८० मा देहाय वमोजिम संशोधन गर्ने ।<br>१. दफा २ को खण्ड (ख) मा कर्मचारीको परिभाषा अन्तर्गत " सो शब्दले नगरप्रहरी लाई समेत जनाउँदछ" भनी वाक्य थप गर्ने ।<br>२. दफा ३ को उपदफा (१) को पर्यटन काजमा जाने अवधि भन्ने शब्दको पछाडी दुई बर्षमा एकै पटक वा पटक-पटक गरी भन्ने शब्द थप गर्ने ।<br>३. दफा ७ को उपदफा(१) मा उल्लेखित बर्षको एक पटक मात्रका लागि प्रतिदिनका दरले बढीका १० दिन सम्मको भन्ने शब्दको सट्टा दुई बर्षमा एकै पटक वा पटक पटक गरी बढीमा १० दिन सम्मको राख्ने<br>४. दफा ८ मा एउटै आर्थिक बर्षमा भन्ने शब्दको सट्टामा गत आर्थिक बर्ष वा चालु आर्थिक बर्षमा भन्ने शब्द राख्ने ।<br>५. दफा ९ को सट्टा देहाय बमोजिम राख्ने<br>"९ . पर्यटन काजको सुविधा नसारिने- यस मापदण्ड बमोजिम आन्तरिक पर्यटन काजको सुविधा कुनै कर्मचारीले दुई आर्थिक वर्ष सम्म प्राप्त नगरेकै कारणले सो सुविधा अर्को आर्थिक बर्षमा सारिने छैन ।"<br>६. दफा ११ पछि तपशिल वमोजिम दफा ११ क थप गर्ने<br>११क. यस मापदण्ड बमोजिम आन्तरिक पर्यटन काजमा जाने कर्मचारीले कार्यालयमा हाजिर भएको मिति देखि १५ (पन्ध्र) दिन भित्र रकम भुक्तानी/ पेश्की फछ्यौंटको लागि आवश्यक कागजात संलग्न गरी नगरपालिकामा निवेदन दर्ता गरी सक्नु पर्नेछ । सो अवधि भित्र निवेदन दर्ता नभएमा पर्यटन काज वापतको रकम प्राप्त हुने छैन । पेश्की लिएको हकमा सो समेत असुल गरिनेछ ।<br>७. दफा १२ को उपदफा १ पछि देहाय बमोजिम उपदफा २ थप गर्ने ।<br>२ . नगरपालिकाको प्रशासन शाखाले यस मापदण्ड बमोजिम आन्तरिक पर्यटन काजमा जाने सम्पूर्ण कर्मचारीहरुको नगरपालिकाले तोकेको ढाँचामा अध्यावधिक विवरण तयार गरी मासिक रुपमा सो विवरण प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।<br>८. दफा १६ को उपदफा ३ पछि देहाय वमोजिम उपदफा ४ र ५ थप गर्ने।<br>४ . यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालयको काम काजलाई मध्यनजर गरी कुनै कर्मचारीको आन्तरिक पर्यटन काज स्वीकृत गर्ने वा नगर्ने अधिकार |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।<br>५ . आन्तरिक पर्यटन काज स्वीकृत भए पश्चात काज अवधि शुरु नहुँदै वा काज अवधि शुरु भए पश्चात कार्यालय सम्वन्धी काम काजमा वाधा पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत भएको पर्यटन काज रद्ध गर्न सक्नेछ ।<br>६ . उपदफा ५ बमोजिम आन्तरिक पर्यटन काज रद्ध भएको जानकारी छिटो छरितो माध्यमबाट सम्वन्धित कर्मचारीलाई गराउनु पर्नेछ ।<br>७ . आन्तरिक काज अवधि शुरु भए पश्चात उपदफा ६ बमोजिम काज रद्ध भएको जानकारी प्राप्त भएमा सम्वन्धित कर्मचारीले भ्रमण रद्ध गरी बाटोको म्याद वाहेक २४ घण्टा भित्र कार्यालयमा हाजिर हुनु पर्नेछ ।<br>८ . उपदफा ७ बमोजिम हाजिर नहुने कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागिय कारवाही हुनेछ । |
| ९ | शिक्षक दरवन्दी मिलान तथा कक्षा थप अनुमति सम्वन्धमा | १. सम्वन्धित विद्यालयमा हाल रहेका विद्यार्थी संख्या र शिक्षक दरवन्दीको अवस्थाको विश्लेषण ( बौंडेश्वर मा.वि.मा कक्षा ६ देखि ८ सम्म विद्यार्थी संस्था १०० जना र शिक्षक दरवन्दी ८ जना, जालुपा मा.वि.मा कक्षा ६ देखि ८ सम्म विद्यार्थी संख्या २३१ जना र शिक्षक दरवन्दी २ जना) को आधारमा यस टोखा नगरपालिका वडा नं. १ स्थित बौंडेश्वर माध्यमिक विद्यालयमा रहेको नि.मा.वि. तह गणित बिषयको शिक्षकको दरवन्दी संख्या १ कटौती गरी वडा नं. ८ स्थित जालुपा माध्यमिक विद्यालयमा उक्त दरवन्दी थप गर्ने गरी नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी मिलान गर्ने ।<br>२. नगर शिक्षण अनुदानबाट तलवभत्ता व्यहोर्ने गरी वडा नं. ८ स्थित जालुपा माध्यमिक विद्यालयलाई वालविकास कक्षाको एक कोटा प्रदान गर्ने ।<br>३. टोखा नगरपालिका नगरशिक्षा समितिको सिफारिसको आधारमा टोखा नगरपालिका भित्र संचालित तपशिल वमोजिमका विद्यालयहरुको कक्षा थप, नाम र स्वामित्व परिवर्तनको लागि अनुमति प्रदान गर्ने ।<br>क. कक्षा थपको लागि अनुमति प्रदान गरिएको विद्यालयको विवरण: |

| क्र.स | विद्यालयको नाम | वडा नं. | अनुमति दिईएको थप कक्षा | कै |
|---|---|---|---|---|
| १ | एन्जल्स प्याराडाईज स्कुल | ३ | ८ | |
| २ | क्यूपिड चिल्ड्रेन्स होम एकेडेमी | ३ | १० | |
| ३ | प्रज्ञान एकेडेमी | ३ | ९ | |
| ४ | सारथी पाठशाला | ४ | १० | |
| ५ | कुसुम ईन्टरनेशनल एकेडेमी | ७ | ४ | |
| ६ | जालुपा माध्यमिक विद्यालय | ८ | १२ | |

ख. स्वामित्व परिवर्तनको लागि अनुमति प्रदान गरिएका विद्यालयहरुको विवरण:

| क्र.स | विद्यालयको नाम | साविकको शेयर | हाल कायम | वडा | |
|---|---|---|---|---|---|

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

आ.व.२०८०/८१ को तेह्रौं कार्यपालिका बैठक          बैशाख २०, २०८१, ने.स. ११४४, चौलागा ९ बिहीबार

<table>
<tr><th>क्र. सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>धनी</td><td>हुने शेयर धनी</td><td>नं.</td><td></td></tr>
<tr><td>१</td><td>कुसुम इन्टनेशनल एकेडेमी</td><td></td><td></td><td>७</td><td></td></tr>
<tr><td>२</td><td>कामना बोर्डिङ स्कुल</td><td></td><td></td><td>९</td><td></td></tr>
<tr><td>३</td><td>निम्बल ईङ्गलिस बोर्डिङ स्कुल</td><td></td><td></td><td>११</td><td></td></tr>
</table>
ग. नाम परिवर्तनको लागि अनुमति प्रदान गरिएका विद्यालयको विवरणः-
<table>
<tr><th>क्र.स</th><th>साविकको नाम</th><th>हाल कायम हुने नाम</th><th>वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१</td><td>किड्स स्कुल</td><td>शिष्टता वल्ड स्कुल</td><td>८</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>१०</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>डायनामिक बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा-८</td><td></td></tr>
<tr><td>२.</td><td>एस.आर.एम. कन्स्ट्रक्सन</td><td>टोखा न.पा ११</td><td></td></tr>
<tr><td>३.</td><td>पद्यम चक्र कन्स्ट्रक्सन एण्ड डेभलपर्स प्रा.लि.</td><td>टोखा न.पा २</td><td></td></tr>
<tr><td>४.</td><td>वटुक भैरब इन्जिनियरिङ्ग कन्स्ट्रक्सन</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>५.</td><td>बेल सरैत निर्माण सेवा प्रा.लि</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>६.</td><td>वेदांश निर्माण सेवा प्रा.लि.</td><td>टोखा न.पा ९</td><td></td></tr>
<tr><td>७.</td><td>बि.आर.ईन्फ्राट्रक्चर प्रा.लि</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>८.</td><td>सम्मरीमाई निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>९.</td><td>हुर्मत निर्माण सेवा प्रा.लि</td><td>टोखा न.पा ३</td><td></td></tr>
<tr><td>१०.</td><td>मुक्ति निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा २</td><td></td></tr>
<tr><td>११.</td><td>दियो कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>१२.</td><td>आर्शिमा ट्रेड प्रा.लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>१३.</td><td>स्काई स्केपपर्स बिल्डर्स प्रा.लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>१४.</td><td>भारद्वाज ग्रुप अफ कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>१५.</td><td>ताप्लेजुङ्ग बिल्डर्स प्रा.लि.</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>१६.</td><td>प्रशन एण्ड मुस्कान कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा ३</td><td></td></tr>
<tr><td>१७.</td><td>रुम्बा लामा कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा ८</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>११</td><td>सामुदायिक सेवा केन्द्र गोगंवुँ तथा प्रहरी प्रभागको भवन निर्माण सम्वन्धमा</td><td>टोखा नगरपालिका वडा नं. ९, साविक गोगंवुँ गा.वि.स. वडा नं. ६, सिट नं.१०२०९८४०८, कि.नं. ८१, क्षेत्रफल २-८-०-० को नदी उकासको सार्वजनिक जग्गा मध्ये मुक्तेश्वर महादेव मन्दिरले ओगटेको क्षेत्र देखि साविक अस्थायी प्रहरी विटले ओगटेको तथा सो तर्फको वाँकी खाली जग्गा उल्लेखित किता नं.को सो क्षेत्रको जग्गामा बिष्णुमति खोला तथा सडकको मापदण्ड छोडी सामुदायिक सेवा केन्द्र, गोगंवुँ तथा प्रहरी प्रभाग, नयाँ बसपार्कको संयुक्त प्रयोजनार्थ बहुवर्षिय भवन निर्माण शिर्षकको आयोजना स्वीकृत गरी हाल २ तल्ला वोलपत्रको</td></tr>
</table>

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | माध्यमबाट खरिद प्रकृया अगाडि बढाउने । नपुग रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चित गर्न नगरसभामा पेश गर्ने । |
| १२ | निर्णय संशोधन सम्वन्धमा | नगरसभाको तेह्रौं अधिवेशनबाट खर्च शिर्षक नं. २११३५ (कर्मचारी प्रोत्साहन तथा पुरस्कार) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. २६४११ ( सरकारी निकाय,समिति एवं वोर्डहरुलाई निशर्त चालु अनुदान) मा रु १५ लाख तथा खर्च शिर्षक नं. २२१११( पानी तथा विजुली) मा रु १० लाख रकमान्तर गर्ने गरी मिति २०८०-१२-२९ को निर्णय भएकोमा खर्च शिर्षक नं. २२१११ ( पानी तथा विजुली) मा रकमान्तर भएको रकमलाई खर्च शिर्षक नं. २७११२ मा (अन्य सामाजिक सुरक्षा(आकस्मिक सहयोग अनुदान समेत )) रु ५ लाख र खर्च शिर्षक नं. २२२१२ मा (ईन्धन कार्यालय प्रयोजन) रु ५ लाख रकमान्तर गर्ने गरी संशोधन गर्ने । |
| १३ | वडा नं. ८ को प्रशासनिक भवन तथा बहुउदेश्यीय भवन बहुबर्षिय ठेक्का सम्वन्धमा । | टोखा नगरपालिका वडा नं. ८ को प्रशासनिक भवन एवं बहुउदेश्यीय भवनको बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत गरी भवन निर्माणको खरिद प्रकृया अगाडि बढाउने साथै नपुग रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चितताको लागि नगरसभामा पेश गर्ने । |
| १४ | वडा नं. ११ को सामुदायिक भवन बहुबर्षिक ठेक्का सम्वन्धमा । | टोखा नगरपालिका वडा नं. ११ स्थित वनदेवी स्थित सामुदायिक भवन निर्माण लागि २ तल्लाको लागि मात्र निर्माण हुने गरी बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत गरी सामुदायिक भवन निर्माणको खरिद प्रकृया अगाडि बढाउने साथै नपुग रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चितताको लागि नगरसभामा पेश गर्ने । |
| १५ | विविध | १. टोखा नगरपालिकामो मिति २०८० मंसिर २८ को नगरकार्यपालिका बैठकले वडा नं. १ को मिति २०८०-८-२६, चं.नं. १०७९ को पत्रानुसार वडा नं. १ को सार्वजनिक हितसंग सम्वन्धित, व्यक्तिगत घटना दर्ता, राजस्व, स्वास्थ्य, सामाजिक सुरक्षा, परिचयपत्र लगायत विविध बिषयसंग सम्वन्धित सूचनाहरु मिति २०८० श्रावण देखि असोज मसान्त सम्म प्रशारण गरेवापत रु. ५००००/- ( भ्याट सहित) कार्यालय संचालन खर्चबाट उपलव्ध गराउने निर्णय गरे अनुसार उक्त रकम तेह्रौं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>२. वडा नं. ३ निवासी श्री रामदेवी श्रेष्ठलाई आर्थिक सहयोग शिर्षकवाट हुने गरी रु. ३० हजार औषधि उपचार खर्च उपलव्ध गराउने ।<br>३. वडा नं. १ निवासी श्री विष्णु कुवंरलाई आर्थिक सहयोग शिर्षकबाट हुने गरी रु ४० हजार औषधि उपचार खर्च उपलव्ध गराउने ।<br>४. वडा नं. ५ निवासी श्री पूर्ण वहादुर श्रेष्ठलाई आर्थिक सहयोग शिर्षकबाट हुने गरी रु ३० हजार औषधि उपचार खर्च निजको श्रीमती रोना श्रेष्ठको नाममा उपलव्ध गराउने ।<br>५. नगरपालिकाको विभिन्न पदाधिकारी/कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल |

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

बमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।

| क्र.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने रकम | सवारी प्रयोगकर्ता/ चालक/ मर्मत भएको पार्ट |
|---|---|---|---|
| १ | बा. २. झ २८६२ | ४०२२८/- | नगर प्रहरी |
| २ | बा.प्र.०३००१ ग-००१४ (जेट मेसिन) | ४०९८४/- | जनक अधिकारी |
| ३ | बा. प्र. ०१-००२ झ- ५५२४ ( भेनु कार) | १२६५६ | जनक अधिकारी |
| ४ | बा. २ झ ३७६६ | ८२२५०/- | रामलाल श्रेष्ठ |

६. तेह्रौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट वडा नं. ६ स्थित शितलवस्ती चोकबाट महिलासंघ जोड्ने सडकमा खानेपानीको पाईपलाईन विस्तार लागि कार्यको लागि वडा कार्यालयले काठमाडौं उपत्यका खानेपानी लि.को लागत अनुमान समेत संलग्न गरी कार्यान्वयनको लागि लेखि पठाएकोमा उक्त कार्यको लागि काठमाडौं उयत्यका खानेपानी लि.महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु. ९८४०४.७३ प्राप्त भएकोले विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।

७. तेह्रौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट वडा नं. ३ स्थित झुडोल शिवमन्दिर देखि आदर्श टोल पानी कुबा मार्गमा ६३ मि.मि. ब्यासको HDPE पाईपलाईन विस्तार लागि थप कार्यको लागि उपत्यका खानेपानी लि.को लागत अनुमान समेत संलग्न गरी कार्यान्वयनको लागि लेखि पठाएकोमा उक्त कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु. २२५३४२.२३ प्राप्त भएकोले विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।

८. तेह्रौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट वडा नं. १० स्थित मनोहर स्कुल अगाडिको टोखा रोड देखि हरिकृष्ण अधिकारीको घर चोक हुदै ब्रिटिश गोर्खा तालिम केन्द्रको सडकमा खानेपानी साँचो एवं अन्य उपकरण जडान कार्यको लागि उपत्यका खानेपानी लि.को लागत अनुमान समेत संलग्न गरी कार्यान्वयनको लागि लेखि पठाएकोमा उक्त कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.महाराजगञ्जबाट प्राप्त लागत अनुमान

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | रु. ११०६२८/०७ प्राप्त भएकोले विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलब्ध गराउने ।<br>९. तेह्रौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट वडा नं. ६ स्थित वडा नं. ६ स्थित शिवजी टोलमा खानेपानीको समस्या समाधान गर्न तिलिङ्गाटार मा.वि पछाडीको पम्ममा क्षमता विस्तारको लागि लागि रु. १४००००/- को आवश्यक भनि माग निवेदन प्राप्त भएकोले आवश्यक लागत अनुमान तयार गरी प्राप्त लागत अनुमान अनुसार माथि उल्लेखित शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम ( माथि उल्लेखितमा नबढ्ने गरी) टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलब्ध गराउने ।<br>१०. तेह्रौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट वडा नं. १० स्थित रादुंग क्याफेदेखि पश्चिम तर्फ जाने बाटोमा २ ईन्च खानेपानी पाईपलाईन विस्तार लागि लागत अनुमान अनुसारको रकम रु. ९०६२०/९५ उल्लेखित शिर्षकबाट विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>११. तेह्रौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट वडा नं. १ स्थित झोर लालवारीबाट वडा नं. २ को पंन्चेटार भिल्लीसम्म खानेपानीको पाईपलाईन विस्तारको लागि रु ७ लाख रकम विनियोजन गर्ने ।<br>१२. टोखा नगरपालिका नगरकार्यपालिकाको मिति २०८० पुष १८ गतेको बैठकबाट नेपाल भारत अन्तराष्ट्रिय महिला उद्यमी सम्मेलन, २०८० को कार्यक्रम सहयोग नेपाल घरेलु तथा साना उद्योग महासंघलाई भुक्तानी गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई संशोधन गरी नेपाल घरेलु तथा साना उद्योग महासंघलाई भुक्तानी गर्ने भन्ने मा केन्द्रिय महिला उद्यमी समितिलाई साविककै निर्णय बमोजिमको रकम नियमानुसार भुक्तानी भुक्तानी गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>१३. विश्व हिन्दु महासंघ, टोखा नगरकार्य समितिलाई विविध कार्यक्रम संचालन एवं हिन्दु धर्मका मूलभूत मान्यताहरु, धर्म र धार्मिक संस्कारको वैदिक सनातनी महत्व लगायतका विषयक कार्यक्रम संचालनको लागि तेह्रौं नगरसभाको सि.नं. २६९ मा विनियोजित रकम मध्येबाट रु १ लाख विनियोजन गर्ने ।<br>१४. वडा नं. १ स्थित फुलवारी दलित वस्ती सडक वाल निर्माण कार्यको लागि तेह्रौं नगरसभाको सि.नं. २८२ मा विनियोजित रकम मध्येबाट रु ३ लाख विनियोजन गर्ने ।<br>१५. सरस्वती माध्यमिक विद्यालयलाई विद्यार्थीहरुको हाजिरी डिजिटल बनाउनको लागि तेह्रौं नगरसभाको सि.नं. ७० मा विनियोजित रकम मध्येबाट रु २ लाख २४ हजार विनियोजन गरी विद्यालयलाई उपलब्ध गराउने । |

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | १६. वडा नं. ६ स्थित लालुपाते मार्गमा ढल र ब्लक निर्माणको लागि तेह्रौं नगरसभाको सि.नं. २८२ मा विनियोजित रकम मध्येबाट रु २ लाख ४० हजार रकम विनियोजन गरी कार्य अगाडि बढाउने । |
| | | १७. मनोहर तिर्थपुलबाट साङ्गलेखोला करिडोर हुदै उत्तर तर्फ जाने सडकको विग्रीएको कालोपत्रे मर्मत / प्याचिङ्गको लागि तेह्रौं नगरसभाको सि.नं. २७५ मा विनियोजित रकम मध्येबाट रु १० लाख विनियोजन गरि कार्य अगाडि बढाउने । |
| | | १८. ॐ भिजन प्रा.लिलाई नगरपालिकाको गतिविधिहरु संचालित भिडियो/ वृत्तचित्र निर्माण प्रशारणको लागि रु ५० हजार खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । |
| | | १९. वडा नं. २ को मिति २०८१-१-२०,च.नं. १९१२ को पत्रानुसार वडा नं. २ स्थित अमर तामाङले संचालन गरेको अप्सरा फर्निचर उद्योगमा मिति २०८१-१-१७ गते राती आगलागी भई नोक्सान भएकोले क्षतिपूर्तिको लागि सिफारिस भई आएकोले निजलाई रु ५० हजार तेह्रौं नगरसभाको खर्च शिर्षक नं. २७११२ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| | | २०. वडा नं. ३ स्थित सुमित्रा कार्की को बानियाँटारको घर टहरामा आगलागी भई नोक्सान भएकोले निजलाई रु ५० हजार तेह्रौं नगरसभाको खर्च शिर्षक नं. २७११२ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| | | २१. नयाँ बर्ष २०८१ को अवसरमा टोखा नगरपालिका वडा नं. २ र ३ मा आयोजित विष्का जात्राको लागि विछ्याईएको बसला(कपडा) को विल अनुसारको रकम रु. १९८८२३/५० रेभा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, टोखा लाई तेह्रौं नगरसभाको सि.नं. २६९ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने । |
| | | २२. दलित हक अधिकार एवं शशक्तिकरण सम्वन्धी अभिमुखीकरण कार्यक्रम सामाजिक संस्था नेपाल मार्फत संचालन गर्ने गरी तेह्रौं नगरसभाको सि.नं. २०७ मा विनियोजित रकम मध्येबाट रु ५० हजार विनियोजन गर्ने । |
| | | २३. वडा नं. ३ स्थित स्याको रत्नकाजी श्रेष्ठको घर देखि मुख्य सडक स्तरोउन्नती कार्यको थप रकम तेह्रौं नगरसभाको सि.नं. २८२ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गर्ने । |
| | | २४. टोखा नगरपालिका वडा नं. ८ स्थित नेपाल वादोकाई कराँते डो, शाखा डोजो गोगंर्वु नामक डोजो दर्ता गरी प्रमाणपत्र जारी गर्न नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखालाई निर्देशन दिने । |
| | | २५. टोखा नगरपालिका वडा नं. ८ स्थित टोखा बक्सिङ्ग क्लव नामक क्लव दर्ता गरी प्रमाणपत्र जारी गर्न नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखालाई निर्देशन दिने । |
| | | २६. टोखा नगरपालिका वडा नं. २ स्थित चण्डेश्वरी मा.वि भवन निर्माण (ठेक्का नं. 44/NCB/TM/W/2078-79) कार्यको लागि Noyeda Construction Pvt.Ltd संग ठेक्का सम्झौता भई २०७९-११-१९ सम्म ७७.६१ प्रतिशत कार्य सम्पन्न भएको र सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने क्रममा निर्माणाधिन भवनको संगै बनेको नयाँ विद्यालय |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | भवनको तलाको उचाईसंग बराबर गर्नको लागि साविक सम्झौता हुदाँका बखतको भन्दा तलाको उचाई र फ्लोर एरिया घटाउनु पर्ने देखिएको हुदाँ सम्झौता हुदाँका बखतको परिमाण भन्दा कोरा मसिनो,ढलान तथा डण्डीको परिमाणमा कम काम गर्नु पर्ने दखिएकोले सम्झौता बमोजिमको परिमाण मध्ये बाँकी कार्य गर्न नसकिएकोले सोहि ७७.६१ प्रतिशत कार्य सम्पादनलाई ठेक्का बमोजिमको कार्य सम्पन्न भएको मानी ठेक्का सम्झौता अन्त्य गर्ने र प्राविधिक मूल्याङ्कन बमोजिमको रकममा नियमानुसार कट्टा गर्नु पर्ने रकम कट्टी गरी तेह्रौं नगरसभाको सि.नं. ४४५ मा विनियोजित रकम मध्येबाट सम्वन्धित निर्माण व्यवसायीलाई भुक्तानी गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| | | २७. घरेलु तथा साना उद्योग संघले आयोजना गर्ने औधोगिक प्रदर्शनी मेलामा नगरपालिका भित्र रहेका स्थानीय उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरु रहने ५ वटा स्टल राखे वापत सम्वन्धित आयोजकलाई स्टल राखे वापतको प्रतिस्टल रु ३५ हजारका दरले हुने रकम उपलव्ध गराउने । |
| | | २८. टोखा नगरपालिकाको मिति २०८०-११-३० को नगरकार्यपालिका बैठकले जन सांस्कृतिक प्रतिष्ठान नेपालको शुभकामना साझँको लागि रु ५० हजार विनियोजन गरेकोले उक्त कार्यक्रमको भुक्तानी तेह्रौं नगरसभाको सि.नं. २६९ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |
| | | २९. नेवाःदेय् दबू केन्द्रिय कार्यालय, बिजनेश पार्क,बुद्धवारी, टेकु लाई स्मार्ट वोर्ड खरिदका लागि रु ६० हजार सहयोग खर्च शिर्षक नं. ३११२२ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने मिति २०८०-१२-२९ को नगरकार्यपालिका निर्णय भएकोमा उक्त निर्णयमा रु ९० हजार थप गरी जम्मा रु १ लाख ५० हजार उल्लेखित खर्च शिर्षकबाट विनियोजन गर्ने । |
| | | ३०. वडा नं. २ स्थित श्री भगवती क्लवको संयोजनमा संचालन हुन गई रहेको रोड टू टोटेनहम परियोजनाका कार्यक्रमहरु संचालनको लागि रु ५० हजार तेह्रौं नगरसभाको सि.नं. २६६ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । |
| | | ३१. वडा नं. १० को माग अनुसार लक्षित समूहलाई बेकरी तालिम संचालनको लागि तेह्रौं नगरसभाको लक्षित बर्ग शिर्षकबाट हुने गरी रु. ४ लाख विनियोजन गर्ने । |
| | | ३२. टोखा नगरपालिकाको गोगंवुँ वसपार्क देखि वसुन्धरा चोक सम्मको चक्रपथको नगरपालिका क्षेत्र खण्डमा रहेको अव्यवस्थित माटो सम्याउने, माटो हटाउने, सडकको सतह मिलाउने एवं अन्य मर्मत संभार सम्वन्धि निर्माण कार्य अगाडि बढाउन तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम रु १५ लाख विनियोजन गर्ने । |

CamScanner